# देउराली जनता फर्मास्युटिकल्सले लेक लाग्ने औषधिको उत्पादन गर्ने

इकोनोमिक पोस्ट

काठमाडौं । नेपाली औषधि उत्पादनमा आफ्नो बर्चस्व कायम राख्दै आएको देउराली जनता फर्मास्युटिकल्स प्रालिले लेक लाग्ने रोगको औषधिको पनि उत्पादन सुरु गर्ने भएको छ ।

देउराली जनता फर्मास्युटिकल्स प्रालि र संयुक्त राज्य अमेरिकाको स्टान्डफोर्ड विश्वविद्यालय, स्कुल अफ मेडिसिनद्वारा खुम्बु क्षेत्रमा संयुक्त रुपमा लेक लाग्ने रोगबारेमा गरिँदै आएको अनुसन्धानबारे जानाकारी दिने उद्देश्यले सम्बन्धित क्षेत्रका विज्ञहरूको सहभागितामा एक गोष्ठीको आयोजना गर्‍यो ।

देउराली जनता फर्मास्युटिकल्स प्रालिका कार्यकारी निर्देशक हरिभक्त शर्माले आफ्नो संस्था स्थापना कालदेखि नै अनुसन्धान तथा विकासलाई प्रश्रय दिने नीति अनुरुप अगाडि बढिरहेको र यसैक्रममा स्टान्डफोर्ड विश्वविद्यालयसँग संयुक्त अनुसन्धान संलग्न रहेको बताउनुभयो ।

अनुसन्धानबाट विकसित गरिने औषधिले लेक लाग्ने रोगबाट पीडित नेपाली तथा विदेशी पर्यटक लाभान्वि हुने बताउँदै कार्यकारी निर्देशक शर्माले भन्नुभयो – देउराली जनताले आगामी दिनमा पनि यस्ता अनुसन्धानलाई जारी राख्नेछ ।

कार्यक्रममा अनुसन्धान संयोजक स्टान्डफोर्ड विश्वविद्यालयका डा. ग्रान्ट लिपम्यानले नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई लेक लाग्ने रोगको सिकार हुने वास्तविकतालाई ध्यानमा राखेर त्यसको रोकथामका लागि औषधिको विकास तथा अनुसन्धान अगाडि बढाइएको बताउनुभयो ।

काठमाडौं मेडिकल कलेजका प्रिन्सिपल डा. हेमाङ दीक्षितले नेपालमा धेरै विदेशी अनुसन्धान गर्न आए पनि यसको निस्कर्ष आफै लिएर जाने भएकाले नेपाली लाभान्वित नहुने धारणा व्यक्त गर्दै उहाँले नेपाली औषधि उत्पादनलाई पनि सहकार्य गर्न अनुरोध गर्नुभयो ।